# मायाँदेवी गाउँपालिका रुपन्देहीको सार्वजनिक जग्गा सम्बन्धी छानविन प्रतिवेदन

**१. उजुरीको संक्षिप्त व्यहोराः**

केन्द्रमा प्राप्त उजुरीमा जिल्ला रुपन्देहीसाबिक सेमरी गा.बि.स. वडा नं. ९ख हाल मायांदेवी गा.पा. वडा नं ४ झुलनपुरा स्थित कि.नं. ५२ क्षेत्रफल २-३-६, कि.नं. ७१ क्षेत्रफल ०-४-१८, कि.नं. ४४५ क्षेत्रफल ३-१०-१को जग्गा सार्बजनिक रहेको।सो मध्ये कि.नं. ५२ को जग्गा ब्यक्तिको नाममा गई भूमाफियाहरुले जग्गा बिक्रि गराउने काममा सक्रिय रहेकोले सो जग्गा बिक्रि गराउनका लागि वडा नं. ४ बाट चारकिल्ला प्रमाणित सिफारिस दिईसकिएकोले सार्बजनिक जग्गामा ब्यक्तिको भोगचलन तत्काल रोक्न लगाई नेपाल सरकारको नाममा फिर्ता गराई सो जग्गाहरुको संरक्षण गर्ने लगायत.........।

**२. प्राप्त उजुरीका सम्बन्धमा भए गरेको वास्तविक तथ्यगत विवरणः**

- उजुरीमा औल्याएको कि.नं.५२,७१ र ४४५ का जग्गाहरु मालपोत कार्यालय भैरहवा, रुपन्देहीको अभिलेखमा क्रमश पर्ती र सडक भनि जनिएको पाईयो।
- उक्त जग्गाहरु मध्ये नापी कार्यालय भैरहवा, रुपन्देहिको अभिलेख अनुसार कि.नं. ५२ कित्ता काट भई कि.नं ६७३ र ६७४ कायम हुन आएको देखिन्छ। सोको प्रिन्ट नक्शा यसै साथ संलग्न छ।यसरी कायम हुन आएकाकि.नं. ६७३ र ६७४ का जग्गाहरुको मालपोत कार्यालयको अभिलेखमा श्रेस्ता कायम भएको देखिंदैन।
- साबिकको कि.नं. ५२ को जग्गा कित्ताकाट हुंदाको निर्णय/आदेशसंग सम्बन्धित सम्पूर्ण कागजातको प्रतिलिपि र नयां कायम भएका कित्ताहरुको स्वामित्व कसको नाममा हुन आएको छ, खुलाई पठाईदिन नापी कार्यालय भैरहवामा लेखि पठाईएकोमा उक्त कार्यालयको च.नं. १२११ मिति २०७६।०९।१४ को पत्रानुसार मालपोत कार्यालय भैरहवाको च.नं. ११५४८ मिति २०६२।०३।०८ को पत्रानुसार कित्ताकाट भएको र मालपोत कार्यालयलाई सो को जानकारी समेत यस कार्यालयको च.नं. १९६ मिति २०६२।०४।२५ को पत्रानुसार गराई सकिएको भनि लेखि आएको छ।
- नापी कार्यालयबाट कित्ता काट भई कायम हुन आएका ६७३ र ६७४ कि.नं. हरु मध्ये कि.नं. ६७३ को जग्गाको स्वामित्व डिभिजन सडक कार्यालय बुटवल भनि उल्लेख गरेको छ भने कि.नं. ६७४ को स्वामित्वमा बांकि भनि जनाएको पाईन्छ।
- नापी कार्यालयबाट साबिकको कि.नं. ५२ कित्ताकाट भई नयां कित्ता कायम भएता पनि नयां कायम हुन आएका कित्ताहरुको अभिलेख मालपोत कार्यालयमा नरहनुले मालपोत कार्यालयको लापरवाही एवं गैरजिम्मेवारीपूर्ण कार्य रहेको भन्न सकिन्छ।
- कि.नं. ७१ को जग्गा श्रेस्ता किताबमा पर्ती जनिएता पनि प्रिन्ट कपिमा रैकर निजी जनिएको पाईयो। सो सम्बन्धमा के भएको भनि मालपोत कार्यालय भैरहवामा लेखि पठाईएकोमा उक्त

कार्यालयको  च.नं. ७७१९ मिति २०७६।०९।२२ को पत्रानुसार उक्त कित्ताको जग्गा यस कार्यालयमा रहेको श्रेस्तामा मिन्हा महलमा कायम रहेको र बिरहमा पर्ति जनिएको हुंदा श्रेस्ता अनुसार बिरहमा पर्ति कायम गरिएको साथै कम्प्युटर ईन्ट्रि गर्ने क्रममा त्रुटी हुन गएको भनि लेखि आएको छ।

- कि.नं. ५२, ७१ र ४४५ का जग्गाहरुको छानबिन गर्ने क्रममा कि.नं. ५२ को जग्गा सि.न.पा. ४ बस्ने गुलाम हैदर कुजडा र जैनुल कुजडा मुसलमानको नाममा संयुक्त नाममा दर्ता रहेको जग्गा धनी पूर्जाको फोटोकपि मायांदेवी गा.पा. वडा नं. ४ को कार्यालयबाट  प्राप्त हुन आएको छ।साथै उक्त जग्गा बिक्रि प्रयोजनार्थ मायांदेवी गा.पा. बडा नं. ४ को कार्यालयबाट च.नं. ३९४ मिति २०७४।११।२१ को पत्रानुसार चारकिल्ला प्रमाणित गरी दिएको देखिन्छ।सो पत्रको प्रतिलिपि यसैसाथ संलग्न छ।
- गुलाम हैदर कुजडा र जैनुल कुजडा मुसलमानको नामकोकि.नं. ५२ को  जग्गाधनी पूर्जाको मालपोत कार्यालय भैरहवाबाट जारी भएको प्रतिलिपिको फोटोकपि मायांदेवी गा.पा. वडा नं. ४ को कार्यालयबाट प्राप्त हुन आएको छ।सो जग्गाधनी पूर्जा र जारी भएको प्रतिलिपिका सम्बन्धमा समेत के कसो हो, खुलाई पठाईदिनु भनि मालपोत कार्यालय भैरहवामा लेखि पठाईएकोमा उक्त कार्यालयको च.नं. ६००० मिति २०७६।०८।२० को पत्रानुसार "उक्त ५२ नं. को जग्गा यस कार्यालयको चालु मोठ श्रेश्तामा हेर्दा नेपाल सरकारको नाममा दर्ता कायम रहेको देखिन्छ, यस कार्यालयमा रहेको अभिलेखहरु हेर्दा तिरो चलान गर्ने निर्णय भएको देखिंदैन, निज गुलाम हैदर कुजडा-जैनुल कुजडा मुसलमानलाई प्रतिलिपि दिने निर्णय समेत भएको देखिंदैन, निजले कुन माध्यमबाट प्राप्त गरेको हो भन्ने विषयमा स-प्रमाणसहित यस कार्यालयमा उपस्थित हुन आउनु भनि पत्राचार गर्दा समेत निज सम्पर्कमा आएको देखिएन, उक्त प्रतिलिपिमा सहि गर्ने नायब सुब्बा समेत यस कार्यालयमा छैनन्, तिरो चलानका लागि भनि लेखिएको पत्रको मिति र चलानी नं. पनि यस कार्यालयको चलानी किताबसंग मेल खाएको देखिंदैन, निजको मोठ श्रेस्ता यस कार्यालयको चालु मोठ श्रेस्तामा नभई लुम्बिनि अञ्चल क्षेत्रीय बसोबास कार्यालयले बुझाएको पोकामा रहेको देखिन्छ। सो सम्बन्धि अन्य निर्णयहरु खोजी गर्दा फेला नपरेको, निज गुलाम हैदर कुजडा र जैनुल कुजडा मुसलमानको श्रेश्ता हालसम्म कार्यन्वयनमा नआई निष्कृय अबस्थामा रहेको, निजको नाममा दर्ता भनिएको कित्ता यस कार्यालयको अभिलेखमा फोड भएको देखिंदैन" भनि लेखि आएको छ।

**३. निष्कर्ष/सुझाबः**

साबिक सेमरी गा.बि.स. वडा नं. ९ख हाल मायांदेवी गा.पा. वडा नं. ४ झुलनपुरास्थित हुलाकी सडकमा पर्ने कि.नं. ५२,७१ र ४४५ को सार्वजनिक जग्गा ब्यक्तिको नाममा दर्ता गरी हिनामिना हुन लागेको सम्वन्धमा स्थलगतरुपमा अबलोकन गरी छानबिन हुंदा निम्न बिषयहरुमा निर्देशन दिन उपर्युक्त देखिन्छ।

- कि.नं. ४४५ को हकमा श्रेस्ता, फिल्डवुक र नापी नक्शामा सडक भनि जनिएकाले केहि भनि राख्नु परेन।
- कि.नं. ५२ को हकमा कित्ताकाट भई कि.नं. ६७३ र ६७४ कायम भएकोमा नापी कार्यालयको कित्ताकाट अभिलेखमा कि.नं. ६७३ डिभिजन सडक कार्यालय रुपन्देहीको नाममा र कि.नं. ६७४ बांकि जनिएकाले मालपोत कार्यालय रुपन्देही, भैरहवालाई कि.नं. ६७३ को जग्गा डिभिजन सडक कार्यालय रुपन्देही, बुटवलको नाममा र कि.नं. ६७४ को जग्गा साबिक अनुसार पर्ति जनाई सरकारी जग्गा कायम गरी श्रेस्ताराख्न लगाई सरकारी सम्पत्तिको संरक्षण गर्न निर्देशन दिने र सोको जानकारी सम्बन्धित मन्त्रालय र बिभागलाई समेत गराउने।
- कि.नं. ७१ को हकमा मालपोत कार्यालय रुपन्देही, भैरहवाको जग्गाधनी श्रेस्ता किताबमा पर्ती जग्गा जनिएको तर कम्प्युटर प्रिन्टकपिमा रैकर निजी जनिएको पाईएकाले उक्त जग्गालाई श्रेस्ता किताव अनुसार कम्प्युटर अभिलेखमा पनि पर्ति जनाई सरकारी जग्गा कायम गर्न निर्देशन दिने र सोको जानकारी सम्बन्धित मन्त्रालय र बिभागलाई समेत गराउने।
- लुम्बिनी अञ्चल क्षेत्रीय बसोबास कार्यालयबाट जारी भएको भनिएको गुलाम हैदर कुजडा र जैनुल कुजडा मुसलमानको जग्गाधनी प्रमाण पूर्जाको आधारमा मालपोत कार्यालयमा जग्गाधनी श्रेस्ता किताबमा लगत खडा नभएको जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि जारी गर्ने कर्मचारी उपर आबश्यक अनुसन्धान गरी अग्रिम कारवाहि गर्न आबश्यक देखिएकाले यो प्रतिवेदनको छायांप्रतिसंलग्न गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखि पठाउने।

**५. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।११।२७ को निर्णयः**

मायादेवी गाउँपालिका वडा नं. ४, रुपन्देहीमा सार्वजनिक जग्गा विक्रि वितरण गर्ने भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न मालपोत कार्यालय, रुपन्देही, नापी कार्यालय, रुपन्देही र मायादेवी गाउँपालिका रुपन्देहीलाई निर्देशन दिई थप कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रतिवेदनको छाँयाप्रति पठाई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।